म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०८ बिहीबार २ असार २०७९ ने. सं. ११४२ तछलाथ्व 16 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पहिरो गएपछि पृथ्वीराजमार्ग अवरुद्ध



चितवन, १ असार/ वर्षासँगै आएको पहिरोका कारण पृथ्वी राजमार्ग अवरुद्ध भएको छ । चितवनको इच्छाकामना-४ घोप्टेभिरमा बुधबार दिउँसो २ बजे पहिरो खसेपछि राजमार्ग दुईतर्फी अवरुद्ध भएको हो । अवरुद्ध सडकमा पहिरो पन्छाउनका लागि सडक विभागसँग समन्वय भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । वर्षा लागेसँगै उक्त स्थानमा पटकपटक पहिरो खसेर सडक अवरुद्ध हुँदै आएको छ । -साभार: इकागज

# बागमतीको बजेटमा मकवानपुर: चक्रपथदेखि एकीकृत बस्तीसम्म

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ बागमती प्रदेश सरकारले पूर्वाधार विकासमा जोड दिँदै ७० अर्ब बढीको बजेट ल्याएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले बुधबार प्रदेशसभामा आगामी आर्थिक वर्ष २०७९-०८० का लागि ७० अर्ब ९३ करोड ९२ लाखको बजेट पेस गरेका हुन् । सरकारले चालुतर्फ १९ अर्ब २ करोड, पूँजीगततर्फ ४१ अर्ब ५६ करोड, वित्तीय हस्तान्तरणतर्फ ८ अर्ब र वित्तीय व्यवस्थापनतर्फ २ अर्ब बजेट विनियोजन गरेको छ । चालुतर्फ कूल बजेटको २७ प्रतिशत, पूँजीगततर्फ ५८ प्रतिशत, वित्तीय हस्तान्तरणतर्फ ११ दशमलव ७७ प्रतिशत, वित्तीय व्यवस्थातर्फ २ दशमलव ८१ प्रतिशत बजेट विनियोजन गरेको हो ।

आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षभन्दा १३ अर्ब बढी बजेट बढाएर ल्याइएको हो । चालु आव ०७८-७९ मा तत्कालीन एमाले सरकारले ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको थियो । आगामी आवमा बजेटको आकार बढ्नुमा मन्त्रालय संख्या दोब्बर हुनुपनि हो । विगतमा ८ मन्त्रालयबाट हाल १४ वटा मन्त्रालय संख्या पुऱ्याइएपछि बजेटको आकार बढेको हो । थपिएका मन्त्रालयमा आवश्यक बजेट बिनियोजन गरिएको छ ।

सरकारले खर्च व्यहोर्ने स्रोततर्फ कर तथा राजस्वबाट २७ अर्ब ९७ करोड ११ लाख, अन्य राजश्वबाट ६ अर्ब २२ करोड ४४ लाख, संघीय वित्तीय हस्तान्तरणबाट २१ अर्ब ६ करोड ८७ लाख, प्रदेश सञ्चिती कोषबाट १६ अर्ब ६७ करोड ५० लाख रुपैयाँ अनुमान गरेको छ । सरकारले पूर्वाधार विकासमा जोड दिएको छ । बजेटमा गौरवका आयोजना घोषणा नगरेको सरकारले पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ । सरकारले भौतिक पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, कृषि र पर्यटनमा प्रमुखका साथ बजेट बिनियोजन गरेको हो ।

सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सबैभन्दा धेरै बजेट विनियोजन गरेको छ । भौतिक मन्त्रालयलाई २४ अर्ब ७५ करोड ८५ लाख, खानेपानी उर्जा तथा सिँचाई मन्त्रालयलाई ९ अर्ब ८१ करोड ४९ लाख, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई ४ अर्ब ४९ करोड ३० लाख, स्वास्थ्य मन्त्रालयको लागि ४ अर्ब ८९ करोड २३ लाख, वन तथा वातावरण मन्त्रालयलाई ३ अर्ब २३ करोड ९९ लाख, सामाजिक विकास मन्त्रालयलाई ३ अर्ब ७७ करोड ३ लाख, संस्कृति तथा पर्यटन मन्त्रालयको लागि १ अर्ब ८६ करोड ९१ लाख, युवा तथा खेलकुद मन्त्रालयको लागि १ अर्ब २२ करोड ६५ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ८३ करोड, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयलाई ६५ करोड १५ लाख बजेट विनियोजन गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई २४ करोड, श्रम रोजगार तथा यातायात्र मन्त्रालयलाई ९४ करोड, मुख्यमन्त्री कार्यालयलाई ७२ करोड ७९ लाख, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई १५ करोड८७ लाख बजेट विनियोजन गरिएको छ ।

***बजेटमा मकवानपुरलाई कति समेटियो ?***

प्रदेश सरकारले आगामी आवको बजेटमा मकवानपुरलाई पनि समेटेको छ । हेटौंडा उपमहानगर पालिकाको चक्रपथ योजनादेखि चेपाङ, वनकरिया र बोटे जातिको एकीकृत वस्ती निर्माण गर्नेसम्मका योजना छन् । बागमती सरकारले प्रदेशको मुकाम हेटौंडामा चक्रपथ निर्माणका लागि बजेट बिनियोजन गरेको छ । चक्रपथसँगै हेटौंडामै प्रादेशिक संरचना निर्माणका लागि पनि बजेट छुट्याएको छ ।



सरकार गठनको चार वर्षसम्म पनि प्रादेशिक संरचना बनाउन नसकेको प्रदेश सरकारले पाँचौं बजेटबाट प्रादेशिक पूर्वाधार निर्माणका लागि बजेट छुट्याएको हो । बजेटमा प्रदेश राजधानी हेटौंडालाई सुविधा सम्पन्न बनाउन १ अर्ब ५ करोड रुपैयाँ बजेट बिनियोजन गरिएको आर्थिक मामिला मन्त्री जम्कट्टेलले जानकारी दिए । पूर्वाधार विकास विशेष आयोजनामार्फत् सरकारी कार्यालय भवन, शिक्षा, स्वास्थ्य, सडकलगायत विकासका पूर्वाधारहरु र हेटौंडा चक्रपथ निर्माण गर्न १ अर्ब ५ करोड ८० लाख बजेट विनियोजन गरेको उनले बताए ।

हेटौंडामा तत्कालीन नगरपालिका हुँदै चक्रपथ बनाउने योजना अनुरुप ट्र्याक खोलिए पनि हालसम्म सडक निर्माणले पूर्णता पाउन सकेको छैन । निवर्तमान मेयर हरिबहादुर महतले चक्रपथ योजना भन्दै सडक निर्माण गरिरहेका थिए । तर, चक्रपथ निर्माणलाई गुरुयोजनाका रुपमा प्राथमिकताका साथ अघि बढाइएको थिएन । सरकारले लोपोन्मुख सीमान्तकृत चेपाङ, वनकरिया र बोटे जातिका लागि एकीकृत वस्ती निर्माण गरिदिने भएकोछ । जसअनुसार चेपाङ र वनकरिया मकवानपुरमा धेरै छन् । वनकरिया जाति मकवानपुरमा मात्रै बसोबास गर्ने लोपन्मुख जाति हो ।

मकवानपुर, धादिङ र चितवनका लोपोन्मुख तथा सीमान्तकृत चेपाङ, बोटे र वनकरिया जातिको लागि एकीकृत बस्ती निमार्ण गर्ने भएको हो । वनकरियाको मकवानपुरको मनहरी गाउँपालिकामा मात्रै बसोबास छ । बोटे जाति मनहरीमै पनि बसोबास गर्छन् भने धेरै चितवनमा छन् । वनकरियाहरु सार्वजनिक जग्गामा बसोबास गरिरहेका छन् । उनीहरुले सरकारसँग पटक-पटक लालपूर्जा माग गरिरहेका छन् । एकीकृत वस्ती विकासका लागि प्रदेशले ५ करोड बजेट विनियोजन गरेको बजेटमा उल्लेख छ ।

प्रदेशले मकवानपुरमा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने भएको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/८० का लागि बजेट प्रस्तुत गर्दै मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीमा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्न १३ करोड ६५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सोही बजेटभित्र सिन्धुलीको हरिहरपुरगढीमा पनि नयाँ औद्योगिक क्षेत्र बन्नेछ । प्रदेश सरकारले मकवानपुरमा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने भनिए पनि संघीय सरकारको योजनाअन्तर्गत् नयाँ औद्योगिक क्षेत्र मयुरधाप नै अलपत्र परेको छ । मनहरीमा आद्योगिक क्षेत्र निर्माण गरिने भए पनि जसका लागि जग्गाको टुंगो लागिसकेको छैन । यसैगरी, प्रदेश सरकारले बल्खु-हेटौंडा सुरुङमार्गको अध्ययन गर्ने भएको छ ।

यसअघि कुलेखानी-भिमफेदी सुरुङमार्गको काम रोकेको सरकारले काठमाडौं र हेटौंडा जोड्न सुरुङमार्ग निर्माणका लागि अध्ययन गर्न बजेट छुट्याएको छ । सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि बजेट प्रस्तुत गर्दै प्रदेशभित्र बल्खु-हेटौंडासहित दुई स्थानमा सुरुङमार्ग निर्माणका लागि अध्ययन गर्न बजेट छुट्याएको हो । सिन्धुलीको खुर्कोट-चियाबारी सुरुमार्गको पनि अध्ययन गरिने जनाइएको छ । सुरुङमार्गको अध्ययन गर्न संघ, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा गरिने बजेट भाषणमा उल्लेख छ ।

बागमती सरकारले हेटौंडामा निर्माणधीन दुग्ध पाउडर प्लान्ट संचालनमा ल्याउने बजेटमा उल्लेख गरेको छ । दुग्ध पाउडर प्लान्ट निर्माण आगामी वर्षबाट संचालनमा आउने भएको हो ।

सरकारले हेटौंडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई १९ करोड ५२ लाख बजेट बिनियोजन गरेको छ । प्रतिष्ठानअन्तर्गत् छुट्टै अस्पताल स्थापना गरिने सरकारले बजेट भाषणमा उल्लेख गरेको छ । हेटौंडा अस्पताललाई २ सय शैयामा स्तरोन्नति गर्दै उपकरणमा सहयोग गर्ने बजेटमा उल्लेख गरेको छ ।

सरकारले हेटौंडा-कुलेखानी-हुमाने सडक निर्माणका लागि १८ करोड बजेट बिनियोजन गरेको छ । हुमाने सडक खण्डको स्तरोन्नति यसै वर्ष सम्पन्न गर्ने र मदन भण्डारी लोकमार्ग अन्तर्गत्को भैसे-भीमफेदी-कुलेखानी दक्षिणकाली सडक २ लेन बनाउने गरी बजेट बिनियोजन गरेको बताएका छन् । बाँकी २१ किलोमिटर सडक निर्माणपनि गरिने बजेट भाषणणमा उल्लेख छ ।

# वृद्धाश्रममा छोराको जन्मोत्सव



हेटौंडा, १ असार/ हेटौडा उपमहानगरपालिका-६ चौघडा निवासी पुर्ण भद्र चौलागाईले आफ्नो छोराको जन्मोत्सव वृद्धाश्रममा मनाएका छन् ।

उनले अमेरिकामा बस्दै आएका छोरा आकाश चौलागाईको २४ औं जन्मदिन हेटौडा-२ मा रहेको ओम वृद्धाश्रममा मनाएका हुन् । छोराको जन्मोत्सवको अवसरमा चौलागाई र उनको श्रीमती रंजिता भेटवालले ओम वृद्धाश्रम पुगेर नगद १० हजार एकसय ५५ र एउटा वाल फाईन सहयोग गरेका छन् ।

कार्यक्रममा हेटौडा-१ का वडा अध्यक्ष सविन न्यौपाने र वृद्धाश्रममा अध्यक्ष सिद्धिलाल श्रेष्ठको उपस्थिति रहेको थियो । छोराको जन्मदिन ओमवृद्धाश्रममा रहेका वृद्धबृद्धाहरुसँग मनाउन पाउदा आफू सन्तुष्ट भएको चौलागाईले बताए ।

# बागमती बजेट: कार्यान्वयन गर्न नसक्ने बजेट ल्याएको प्रतिपक्षीको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ बागमती प्रदेश सरकारले कार्यान्वयन नै गर्न नसक्ने बजेट ल्याएको प्रतिपक्षी दलहरुले टिप्पणी गरेका छन् ।

प्रतिपक्षी दलहरुले प्रदेश सरकारले बुधबार आगामी आर्थिक वर्ष २०७९/०८० को लागि ल्याएको बजेट कार्यान्वयन नै हुन नसक्ने खालको भएको टिप्पणी गरेका हुन् ।

आगामी आर्थिक वर्ष २०७९/०८० को लागि देशको ७ वटा प्रदेशहरुमा बागमती प्रदेश सरकारले सबैभन्दा ठुलो आकारको बजेट ल्याएको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको हो । चालू आर्थिक वर्षमा ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको आकार १३ अर्बले बढाएको छ ।

आगामी आवको बजेटमा कुल विनियोजित बजेटमध्ये चालू खर्चतर्फ १९ अर्ब २ करोड ४१ लाख र पुँजीगततर्फ ४१ अर्ब ५६ करोड २४ लाख बजेट विनियोजन गरिएको छ । वित्तीय हस्तान्तरणतर्फ ८ अर्ब ३५ करोड ३७ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ २ अर्ब रुपैयाँ विनियोजन गरेको मन्त्री जम्मकट्टेलले प्रस्तुत गरेको बजेटमा उल्लेख छ ।

चालू आवको बजेट खर्चमा निराशाजन देखिएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको आकार १३ अर्ब रुपैयाँले वृद्धि गरेर कार्यान्वयन हुन नसक्ने बजेट ल्याएको प्रतिपक्षी दलहरुले टिप्पणी गरेका हुन् । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का संसदीय दलका नेता अष्टलक्ष्मी शाक्यले समय अभावमा सरकारका सबै योजना कार्यान्वयन सम्भव नहुने बताइन ।

उनले आफ्नो आयु हेरेर मात्रै योजना ल्याउनुपर्नेमा अहिले गठबन्धनको सरकारले कार्यान्वयन नहुने बजेट ल्याएको आरोप लगाइन । सांसद रमेश पौड्यालले महङ्गीको समयमा जनतालाई सम्बोधन गर्ने बजेट नआएको बताए । सरकारले खर्च कटौटी नगरी लोकप्रियता मात्र हेरेको टिप्पणी उनले गरे । सांसद रिना गुरुङले प्रदेश सरकारले ल्याएको बजेट आशा देखाउन मात्रै ल्याएको आरोप लगाइन् ।

# लागूऔषध गाँजासहित ३ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा उपमहानगरपालिका वडा नम्वर १९ बस्तीपुरबाट प्रहरीले १६ किलो गाँजासहित ३ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा-१९, बस्तीपुरका ४० वर्षीय किताब सिं गोले, राक्सिराङ गाउँपालिका-१ का ३२ वर्षीय बिक्रम कुमार गोले र ३४ वर्षीय कुमार घ्यावा रहेका छन् । मंगलबार साँझ ७ बजेको समयमा ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरी टोलीले मनहरीबाट हेटौंडातर्फ जाँदै गरेको ना १ ज १६५६ नम्बरको माईक्रोबसलाई रोकी सुरक्षाजाँच गर्दा लागुऔषध गाँजा बरामद भएको प्रहरीको भनाइ छ । प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# बजेट कार्यान्वयन चुनौती

नेपालको राजधानीको पनि राजधानी बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०७९/८० को लागि बजेट हिजो सार्वजनिक भएको छ । पूर्वाधार विकासमा विशेष जोड दिँदै ७० अर्ब बढीको बजेट प्रस्तुत गर्दै प्रदेश सरकार जनतामाझ उपस्थित भएको छ । आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले बुधबार प्रदेशसभामा आगामी आर्थिक वर्ष २०७९/८० का लागि ७० अर्ब ९३ करोड ९२ लाखको बजेट पेस गरेका हुन् । सरकारले चालुतर्फ १९ अर्ब २ करोड, पूँजीगततर्फ ४१ अर्ब ५६ करोड, वित्तीय हस्तान्तरणतर्फ ८ अर्ब र वित्तीय व्यवस्थापनतर्फ २ अर्ब बजेट विनियोजन गरेको छ । चालुतर्फ कूल बजेटको २७ प्रतिशत, पूँजीगततर्फ ५८ प्रतिशत, वित्तीय हस्तान्तरणतर्फ ११ दशमलव ७७ प्रतिशत, वित्तीय व्यवस्थातर्फ २ दशमलव ८१ प्रतिशत बजेट विनियोजन गरेको हो ।

आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षभन्दा १३ अर्ब बढी बजेट बढाएर ल्याइएको हो । चालु आव ०७८-७९ मा तत्कालीन एमाले सरकारले ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको थियो । आगामी आवमा बजेटको आकार बढ्नुमा मन्त्रालय संख्या दोब्बर हुनुपनि हो । विगतमा ८ मन्त्रालयबाट हाल १४ वटा मन्त्रालय संख्या पुऱ्याइएपछि बजेटको आकार बढेको हो । थपिएका मन्त्रालयमा आवश्यक बजेट बिनियोजन गरिएको छ । सरकारले खर्च व्यहोर्ने स्रोततर्फ कर तथा राजस्वबाट २७ अर्ब ९७ करोड ११ लाख, अन्य राजश्वबाट ६ अर्ब २२ करोड ४४ लाख, संघीय वित्तीय हस्तान्तरणबाट २१ अर्ब ६ करोड ८७ लाख, प्रदेश सञ्चिती कोषबाट १६ अर्ब ६७ करोड ५० लाख रुपैयाँ अनुमान गरेको छ । सरकारले पूर्वाधार विकासमा जोड दिएको छ । बजेटमा गौरवका आयोजना घोषणा नगरेको सरकारले पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ । सरकारले भौतिक पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, कृषि र पर्यटनमा प्रमुखका साथ बजेट बिनियोजन गरेको हो । सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सबैभन्दा धेरै बजेट विनियोजन गरेको छ । भौतिक मन्त्रालयलाई २४ अर्ब ७५ करोड ८५ लाख, खानेपानी उर्जा तथा सिँचाई मन्त्रालयलाई ९ अर्ब ८१ करोड ४९ लाख, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई ४ अर्ब ४९ करोड ३० लाख, स्वास्थ्य मन्त्रालयको लागि ४ अर्ब ८९ करोड २३ लाख, वन तथा वातावरण मन्त्रालयलाई ३ अर्ब २३ करोड ९९ लाख, सामाजिक विकास मन्त्रालयलाई ३ अर्ब ७७ करोड ३ लाख, संस्कृति तथा पर्यटन मन्त्रालयको लागि १ अर्ब ८६ करोड ९१ लाख, युवा तथा खेलकुद मन्त्रालयको लागि १ अर्ब २२ करोड ६५ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ८३ करोड, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयलाई ६५ करोड १५ लाख बजेट विनियोजन गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई २४ करोड, श्रम रोजगार तथा यातायात्र मन्त्रालयलाई ९४ करोड, मुख्यमन्त्री कार्यालयलाई ७२ करोड ७९ लाख, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई १५ करोड ८७ लाख बजेट विनियोजन गरिएको छ ।

प्रदेश सरकारले सबै क्षेत्रलाई समेटेर नयाँ बजेट ल्याए पनि त्यसको कार्यान्वयन पक्ष सबल हुनु जरुरी छ । बजेटमा प्रदेशको सबै क्षेत्र समेटिए पनि कार्यान्वय गर्न कर्मचारी अपुग, नीतिगत झन्झट लगायत समस्या छ । यो चुनौती सामना गर्न प्रदेश सरकार तयार हुनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ३ गते शुक्रबार १७ जुन २०२२ । असार कृष्णपक्ष तृतीया । तछलागा तृतीया ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ७:०० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **तुला** | : चुनौतीहरु देखा पर्न सक्नेछ |
| **वृष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : धार्मिक कार्यले फाइदा हुनेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : मन खिन्न बनाउन सक्छ | **मकर** | : समस्या दोहोरिन सक्नेछ |
| **सिंह** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **कुम्भ** | : घरेलु काममै अलमल हुनेछ |
| **कन्या** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मीन** | : भूमिबाट लाभ लिने समय छ |

# स्वतन्त्रको उदय: अरबी विद्रोह नबिर्सौं



✍ मनिकर कार्की

हालै सम्पन्न स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिका सहित देशका दुई ठूला उपमहानगरपालिका तथा अन्य केही स्थानीय तहहरूमा ठूला दलका उम्मेदवारलाई पाखा पार्दै 'स्वतन्त्र' व्यक्तिहरू जनप्रतिनिधि निर्वाचित भए । काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवार बालेन्द्र साह निर्वाचित भए । पेशाले इन्जिनियर उनले युवापुस्तामाझ र्‍यापरको छवि बनाएका थिए । समसामयिक राजनीति र दलहरूलाई र्‍याप हान्दै घोचपेच र व्यंग्य गर्ने उनी अहिले आफैं जनप्रतिनिधि भएका छन् । बालेन्द्र साहको चुनावी सफलताको मुख्य कारण शहरी नयाँ पुस्ताको साथ र सहयोग हो । अनि तिनले आफ्नो परिवारमा पारेको प्रभावकै कारण घरपरिवारले बालेन्द्र साहलाई मतदान गरे र उनी चुनाव जित्न सफल पनि भए । उनको विजयको स्पष्ट सन्देश हो, यदि युवापुस्ताले परिवर्तन चाफयो भने घरबाटै परिवर्तन संभव छ । किनकि लोकतन्त्रमा नागरिकले परिवर्तनलाई आत्मसात् गर्ने एक भोटबाटै हो ।

काठमाडौंको चर्चापछि पूर्व धरानतर्फ लागौं । झण्डै १० वर्षको अन्तरालमा 'धराने जनता'को सर्वनाममार्फत भुक्तभोगी जनताका दैनन्दिनका समस्या उजिल्याएर आफ्नो परिचय बनाएका हर्क राईले चुनाव जित्नु धराने जनताको विश्वास र भरोसा जित्नु हो । उनले जिते । उनले धराने जनताका लागि अहिलेसम्म जेजति गरे, त्यो नै उनको परिचय हो । त्यही आफूले गरेको कर्मकै आधारमा उनले लोकप्रियता कमाए र अन्ततः चुनाव पनि जिते । धरान उपमहानगरपालिका प्रमुखको पदभार ग्रहण गर्दैगर्दा उनले आफू जनताकै सेवकको रूपमा काम गर्ने वचनबद्धता गरेका छन् ।

त्यसैगरी पश्चिम नेपालको धनगढी उपमहानगरपालिकामा चुनाव जितेका अर्का स्वतन्त्र उम्मेदवार गोपाल हमालको परिचय भने सफल व्यवसायी हो । सायद आफ्नो व्यावसायिक सफलता र व्यावसायिक संघ-संस्थाहरूसँगको सम्बन्ध नै उनको विजयको मुख्य आधार हो । यी केही प्रतिनिधि दृष्टान्त अलवा अन्य स्थानीय तहहरूमा निर्वाचित स्वतन्त्र उम्मेदवारहरू भने मूलतः दलका बागी उम्मेदवारहरू नै हुन् । कतै दलहरूबीचको गठबन्धनका कारण उम्मेदवार हुनबाट वञ्चित त कतै पार्टीकै आन्तरिक समस्याका कारण स्वतन्त्र रूपमा चुनाव लडेका दलका स्वतन्त्र उम्मेदवारहरूले पनि आफ्नै बलमा चुनाव जितेका छन् । माथि उल्लेखित तीन विजयी उम्मेदवारहरूमध्ये हर्क राई र बालेन्द्र साहको चुनावी प्रचार विल्कुल अलग रफयो । हर्क राईले आफ्नो चुनाव प्रचार आफैं गरे । उनले सकेसम्म सबै मतदातासमक्ष आफ्ना प्रतिबद्धता र धरानका समस्या उजागर गर्दै घर घर पुगेर चुनाव प्रचार गरे । उनको चुनावी प्रचार साधन भनेकै एउटा विद्युतीय रिक्सा, एउटा हाते माइक र लाउडस्पिकर, एकथान नेपालको राष्ट्रिय झण्डा र केही चुनावी पम्पप्लेटहरू ।

उता बालेन्द्र साहको चुनाव प्रचार शैली भने आधुनिक प्रकृतिको भर्चुअल वास्तविकताको सिर्जना गर्ने खालको थियो । उनका प्रचार टिमका सहयोगीहरूले 'भर्चुअल क्याम्पेन' र मिडिया क्याम्पेनमार्फत बालेनको भर्चुअल इमेज नै निर्माण गरिदिएका थिए । बालेन्द्रलाई एउटा इमेजको रूपमा भर्चुअल दुनियाँमा स्थापित गराइयो । उनका प्रचारकले कालो चश्मा, कोट र नेपालको झण्डा ओढेको एक स्केचलाई नै एउटा भर्चुअल मानकका रूपमा खडा गरिदिए । अनि काठमाडौंको सत्ताकेन्द्रित राजनीतिलाई नजिकैबाट नियालिरहेका र त्यहाँको अव्यवस्थित शहरीकरणले निम्त्याई दिएको दैनन्दिनका उल्झनहरू झेल्न बाध्य भएका जनता त्यो भर्चुअल मानकप्रति आकर्षित भए । सधैं मानक र नायककै खोजीमा रहने समाजले पनि त्यही भर्चुअल मानकलाई विकल्प देख्यो भने नयाँ पुस्ताले पनि उनैलाई नायक करार गरे । अनि विद्यमान राजनीतिक दल र तिनका नेतृत्वको सत्ता संघर्षका निर्लज्ज दृष्टान्तहरूबाट दिक्क भएका महानगर वासीहरूले दलीय उम्मेदवारलाई दुत्कारे र स्वतन्त्र रोजे ।

यसपटकको निर्वाचनमा स्वतन्त्रहरूको सफलताले दलहरूप्रतिको असन्तुष्टि र विकल्पको खोजीको सन्देश भने जबर्जस्त रूपमा दिएको छ । नागरिकलाई केवल भोट बैंक ठान्ने र ठूला दलको कथित 'ब्रान्डेड' चुनाव चिफनबाट चुनाव लड्ने जो-कोहीले पनि सहजै चुनाव जित्न सक्छ भन्ने भ्रम भने यसपटक चिरिएको छ । जनताले ठूला र स्थापित भनिएका दलहरूको नीति, विचार, सिद्धान्त र उनीहरूको कार्यशैलीको पनि विकल्प खोज्दछन् भन्ने कुरालाई यसपटकको निर्वाचनमार्फत मतदाताले स्पष्ट रूपमा संकेत गरेका छन् । अहिले यसैको आडमा कतिपय व्यक्तिहरूले अब दलहरू असान्दर्भिक भएको तर्क समेत गर्न भ्याएका छन् । तथापि यिनै केही दृष्टान्तहरूलाई आधार मानेर दलीय युगको नै अन्त्य भयो र हुनुपर्छ भन्नु चैं बालहठ जस्तै हो । किनकि लोकतन्त्रमा दलको अन्त्य हुँदैन र दलहरू असान्दर्भिक पनि हुँदैनन् । हो, दलको विकल्पमा अरू दलहरू जन्मिन सक्छन् र जन्मिनु पनि पर्छ ।

संभवतः यसपटक स्वतन्त्र उम्मेदवारहरूले कमाएको चर्चा र उनीहरूले हासिल गरेका सफलताबाट आकर्षित भएरै अहिले स्वतन्त्र उम्मेदवारी घोषणाको लहर चल्न थालेको छ । त्यसो त 'जता हावा चल्यो, उतै पात हल्लिन्छ' भने जस्तै बजारमा जेको मौसम छ, त्यही गर्न तम्सिनेहरूको जमात जहिल्यै खडा हुने गर्दछ । अक्सर लोकरिझ्याईंलाई नै आफ्नो मक्सद ठान्नेहरू त्यसो गर्ने गर्दछन् । ठूला र स्थापित भनिएका पार्टीहरूले पनि आफ्नो नीति, विचार, सिद्धान्तलाई नियमित रूपमा अपडेट गरिरहने र त्यसै अनुरूप समाजको विद्यमान अन्तरविरोधको पहिचान गरी समाधान गर्नेतिर कहिल्यै ध्यान दिएनन् । सधैं सत्ता र स्वार्थकेन्द्रित राजनीतिलाई अँगाल्दा दलहरूले जनताको विश्वास र भरोसा गुमाउँदै गएका छन् ।

अहिले देखिएको स्वतन्त्रहरूप्रतिको आकर्षणको मुख्य कारण नै त्यही हो । र स्वतन्त्र उम्मेदवारी घोषणाको दृश्यमा पनि त्यही कुरा झल्किन्छ । तर, के दलको विकल्प कुनै अमूक स्वतन्त्र व्यक्ति हुनसक्छ ? एकाध स्वतन्त्र व्यक्तिहरूले अर्थ-राजनीतिक परिवर्तनका जटिल कोर्स छिचोल्न सक्लान् ? जब नीतिगत र वैचारिक पक्षधरता देखाउनुपर्ने बेला आउँछ, स्वतन्त्रहरूबीच साँच्चिकै मतैक्यता हुनसक्ला ? अनि केही व्यक्तिहरूको स्वतन्त्र अभियानले अहिलेका आर्थिक, सामाजिक रूपान्तरणका जटिल गाँठो फुकाउन सक्ला ? राजनीतिमा स्वतन्त्र व्यक्तिहरूको पक्षपोषण गर्दैगर्दा यी र यस्ता प्रश्नहरूबारे पनि घोत्लिनु जरूरी हुन्छ ।

निश्चित रूपमा जनताले विकल्प खोज्छन् भने नयाँ पुस्ताले पनि राजनीतिक रूपमै विकल्प दिनुपर्दछ । व्यक्तिगत तवरबाट दिइने विकल्प क्षणिक हुन्छ । अपरिपक्व हुन्छ । केही स्वतन्त्र व्यक्तिहरूले चुनाव जितेर जनप्रतिनिधि बन्दैमा मुलुकको अर्थ-राजनीतिक संरचनामा परिवर्तन संभव हुँदैन । हो, केही व्यक्तिले सीमित ठाउँमा केही प्रशासनिक सुधारका कामहरू गर्न सक्छ । राज्यले प्रवाह गर्ने सेवालाई छिटोछरितो र आकर्षक तरिकाले प्याकेजिङ गरी वितरण गर्न पनि सक्छ । तर, त्यो सेवाको कन्टेन्ट परिवर्तन गर्न दलीय संरचनाको आवश्यकता पर्दछ । किनकि बहुदलीय लोकतन्त्रमा दलको विकल्प दल नै हुन्छ । बहुदलीय लोकतन्त्रको विकल्प निर्दलीय व्यक्तिहरू हुन सक्दैनन् । दलीय राजनीति अविच्छिन्न हुन्छ । दलीय राजनीति केवल सत्ता प्राप्तिकै लागि मात्र हुन्छ भन्नु गलत हो । संसारमा सत्ताको सुखभोग नगरेका तर समाजलाई केही न केही दिशाबोध गरिरहेका राजनीतिक दलहरू धेरै छन् । दलको निर्माण भनेको साझा थलोको निर्माण पनि हो । समाजको अन्तरविरोधको पहिचान गरी त्यसको समाधान निकाल्ने सामूहिक यत्न हो । अनि धेरैभन्दा धेरै मानिसलाई एउटा उद्देश्यमा हिंडाउने माध्यम पनि हो ।

त्यसैले लोकतन्त्रमा राजनीतिक दल भनेका साझा उद्देश्य र गन्तव्य पहिल्याउने साधन हुन् । दलको विचार, सिद्धान्त, दृष्टिकोण अनुसार राजनीतिक कार्यदिशा तय भएको हुन्छ र त्यही राजनीतिक कार्यदिशाका आधारमा दलमा व्यक्तिहरूको आवद्धता कायम रहन्छ । कुनै पनि दलमा आवद्ध धेरै व्यक्ति एउटा उद्देश्यप्रति प्रतिबद्ध भएर लागिपरेका हुन्छन् । धेरैभन्दा धेरै मानिसलाई एकै ठाउँमा उभ्याउने काम विचारले गर्दछ । राजनीतिक दलहरू भनेका विचारका संवाहक हुन् । त्यसैले लोकतन्त्रमा केही व्यक्तिलाई दलको विकल्प ठानिनुहुँदैन ।

आधुनिक समयका इतिहासकार युवाल नोअ हरारीले आफ्ना रचनाहरूमा मानिसहरू (सेपियन्स) द्धियथार्थताको बीचमा बाँचेका कुरालाई जोड दिएका छन् । पहिलो हो, वस्तुगत यथार्थता । जस्तै प्राकृतिक रूपमा उपलब्ध स्रोतसाधन, जीवजन्तु, हावापानी इत्यादि । दोस्रो हो, काल्पनिक यथार्थता । जस्तैः राज्य, अर्थतन्त्र, विचार, सिद्धान्त आदि । र, राजनीतिक दलले दोस्रो काल्पनिक यथार्थतालाई व्यक्तिको जीवनसँग नजिक्याउने काम गर्दछ । त्यसकारण दलहरूले नै समाजमा बृहत् सामाजिक अन्तरक्रियाको वातावरण निर्माण गरिदिएका हुन्छन् । त्यही अन्तरक्रियाले नै समस्या समाधान गर्दै समाजलाई दिशाबोध गर्न मद्दत गर्दछ ।

फेरि लोकतन्त्रमा गरिने लोकतान्त्रिक अभ्यासहरू मूलतः दलीय व्यवस्थामार्फत नै प्रतिबिम्बित हुने हो । लोकतन्त्र भनेको एकपटकको कार्य हैन, यो निरन्तर र नियमित चल्ने प्रक्रिया हो । लोकतान्त्रिक प्रक्रियामा हुने सबै परिघटनाहरू एउटा अविच्छिन्नताको शृंखलामा उनिएका हुन्छन् । त्यसको सार्वजनिक जवाफदेहिता र जनउत्तर दायित्व हुन्छ, जुन दलहरूले मात्रै पूरा गर्न सक्छन् । फेरि राज्यको संरचनागत परिवर्तनका सबै कामहरू दलीय संघर्ष र दलीय प्रयत्नबाट नै संभव छ । संसारका विकसित मुलुकहरूमा भएका राजनीतिक संघर्ष र संरचनागत परिवर्तनका आन्दोलनहरू कुनै पनि स्वतन्त्र व्यक्तिबाट संभव भएकै छैन । यदि आन्दोलनको उठान कुनै अमूक व्यक्तिबाट भएकै भए पनि अन्ततः त्यो प्रक्रियालाई व्यवस्थापन गर्दै नयाँ उपलब्धितर्फको यात्रा देखाउन राजनीतिक दल नै जरूरी हुन्छ ।

दलीय नेतृत्व बेगर भएको जुनसुकै परिवर्तनको आन्दोलन पनि अन्ततः कि त त्यसमा दलीय समर्थन प्राप्त भएर नयाँ गन्तव्यमा पुगेका छन्, कि त सफलतामा पुगेका आन्दोलनहरू पनि सेटब्याक भएर पुनरुत्थानतर्फ नै फर्किएका छन् । सन् २०१० मा ट्युनिसियाबाट सुरु भएको अरब स्प्रिङ भनिने अरबी क्रान्तिको सुरुवात सडकमा खानेकुरा बेचेर आफ्नो गुजारा चलाउँदै आएका एकजना सडक व्यापारी मोहमद बाउजिजीको आत्महत्याबाट सुरु भएको थियो । उनको ठेलागाडा विना कारण त्यहाँका सुरक्षाकर्मीले खोसिदिएपछि असहाय बनेका उनले आफैंले आगो झोसेर आत्मदाह गरे ।

बढ्दो महँगी, बेरोजगारी, भ्रष्टाचार, आर्थिक विषमता र बिन अलीको एकदलीय तानाशाही शासन व्यवस्थाको आगोमा पिल्सिएका ट्युनिसियाली जनता तिनै बाउजिजीको आत्मदाहबाट जुर्मुराए र आन्दोलनको आगो सल्कियो । अन्ततः त्यो आन्दोलन विद्रोहको लप्कोमा परिणत भयो । अनि आन्दोलनको सफलतासँगै राष्ट्रिय ढुकुटीको ब्रफमलुट गरेर वर्षौंदेखि आम ट्युनिसियाली जनतालाई शोषण गर्दै आएका त्यहाँका तानाशाह बिन अलि र उनको परिवार खर्बौंको सम्पत्ति कुम्ल्याएर साउदी अरबमा शरण लिन पुग्यो । पछि ट्युनिसियामा अन्तरिम सरकार बन्यो । तर, स्वस्फूर्त रूपमा सम्पन्न भई सफलता पाएको विद्रोहले राजनीतिक दलीय आकार ग्रहण गर्न नसक्दा र कुनै सर्वस्वीकार्य नेतृत्व निर्माण हुन नसक्दा आन्दोलनका उपलब्धिहरू क्रमशः क्षयीकृत हुँदै गए र तीन वर्षको अन्तरालमा त्यहाँ प्रतिक्रान्ति नै भयो ।

ट्युनिसियाली विद्रोहबाट अन्तर्राष्ट्रियकरण भएको अरबी क्रान्ति एक्काइसौं सदीको दोस्रो दशकको पहिलो विद्रोहको रूपमा इतिहासमा दर्ज हुनपुग्यो । ट्युनिसियाली सफल क्रान्तिले समग्र अरब जगतलाई नै हल्लाइदियो । ट्युनिसियाली विद्रोहको ज्वाला अल्जेरिया, मौरिटानिया, यमन, इजिप्ट, सिरिया, लिबिया हुँदै साउदी अरबसम्म पुग्यो । ती कति देशमा विद्रोह तत्कालका लागि सफल भए पनि दीर्घकालमा भने त्यहाँ राजनीतिक अस्थिरता र प्रतिक्रान्ति नै हुन पुगे । त्यो किन पनि भयो भने ती सबै जसो देशहरूमा भएको आन्दोलन वा विद्रोह स्वस्फूर्त जनताको तहबाट भएको थियो । स्वतन्त्र र स्वस्फूर्त रूपमा भएको विद्रोहलाई तत्कालै कुनै विचार, सिद्धान्त र उचित राजनीतिक कार्यदिशाले सम्बोधन गरिएन भने ती विद्रोहहरू कालान्तरमा प्रतिक्रान्ति र अस्थिरतामा बदलिने रहेछ भन्ने सन्देश एक्काइसौं शताब्दीको दोस्रो दशकको सुरुवातसँगै भएको अरब विद्रोहले दिएको छ ।

नेपालकै दृष्टान्त दिने हो भने पनि दुई वर्षअघि कोरोनाकालमा 'इनफ इज इनफ' को ब्यानरमा केही जागरुक युवाहरूको अगुवाई र आफवानमा भएको जनप्रदर्शनलाई लिन सकिन्छ । निकै ठूलो उत्साह र जनसहभागिताका साथ भएको उक्त विरोध कार्यक्रमले कुनै स्पष्ट उपलब्धि हासिल गर्न भने सकेन । आखिर इनफ इज इनफ एउटा आन्दोलनको रिहर्सल जस्तो मात्रै हुन पुग्यो । अर्को कुरा संसारमा कुनै पनि मुलुकमा स्वतन्त्र तवरबाट नै संरचनागत परिवर्तन हुने गरी संघर्षहरू भएका छैनन् । ती सबै देशमा भएको आन्दोलन, क्रान्ति र परिवर्तनको पछाडि राजनीतिक दल त हुन्छ, हुन्छ । त्यसैले अहिले पनि स्वतन्त्र युवाहरूले जसरी चुनावी अभियानहरू संचालन गरिरहेका छन् उनीहरूले चुनाव पनि जित्न सक्छन् । तथापि ती केही युवाहरूले गर्ने भनेको प्रशासनिक काममा सुधार मात्र हो । कुनै निश्चित इलाकामा सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउने मात्र हो । केही व्यक्तिको पहलबाट राजनीतिक रूपमा राज्यको अर्थ-राजनीतिक उपरी संरचना बदल्न सकिंदैन ।

त्यसको लागि स्वतन्त्रले हुँदैन, अहिलेको नेपाली समाजको विद्यमान अन्तरविरोध पहिचान गरी त्यसलाई ठिक समाधान दिने विचार, सिद्धान्त, दृष्टिकोण अपरिहार्य हुन्छ । अनि त्यही दृष्टिकोण अनुसारको राजनीतिक कार्यदिशा भएको दलको जन्म अपरिहार्य हुनेछ । राजनीतिमा सिर्जना हुने अविच्छिन्न उत्तरदायित्व वहन गर्न पनि दल त चाहिन्छ नै । त्यसैले मौजुदा राजनीतिक दलहरू पुराना भए, तिनको नीति, विचार र कार्यक्रम पुरानो भयो । नेतृत्व प्रौढ र आउटडेटेड भयो भन्दै गर्दा दललाई बहिष्कार गरेर गैरदलीय स्वतन्त्र व्यक्तिहरूले सबै समस्या चुट्कीको भरमा समाधान गर्छन् भन्ठान्नु मृगमरीचिका मात्र हो ।

बरु सही चैं बदलिएको समय अनुसार आजको युग सुहाउँदो दल र नेतृत्व निर्माणका लागि सामूहिक पहल गर्नु हो । इतिहासमा धेरैपटक समय अनुसारको पार्टी बनाउनुपर्छ भन्दै धेरै प्रयत्न भए, गरिए । तर, ती कुनैले पनि सफलता पाउन सकेनन् । यदि साँच्चिकै यो मुलुक र मुलुकवासीको भविष्य सोच्ने हो भने नयाँ पुस्ताले आर्थिक अवस्था फेर्ने उद्देश्यसहितको राजनीतिक संगठन निर्माण गर्नुपर्छ । आफ्नै बुतामा निर्माण गरिने पार्टीबाट नै नयाँ पुस्ताले राजनीतिक यात्रा सुरु गर्नुपर्छ । समाजमा दलप्रति असन्तुष्टि छ भनेर गैरदलीय लोकतन्त्रको वकालत गर्दै भ्रमको खेती गर्नु उचित हुँदैन । किनकि गैरदलीय लोकतन्त्रले मुलुकको अर्थ-राजनीतिक रूपान्तरण संभव छैन । दलको नेतृत्व खराब हुनसक्छ । काम गर्न नसक्ने हुनसक्छ । तर, लोकतन्त्रमा दलको विकल्प पनि दल नै हो भन्ने कुरालाई बिर्सनुहुँदैन । *-साभार: अनलाइनखबर*

# ब्लड क्यान्सर हुने कारण, जोखिम र उपचार



✍ डा. ईश्वरमान सिंह

सामान्यतया रगत कम्पोजिसनको आभारमा हेर्ने हो भने प्रमुख तीन कोशिका हुन्छन् । रेड ब्लड सेल, ह्वाइट् ब्लड सेल र प्लेटेलेट्स । रगतमा ह्वाइट् ब्लड सेलको मात्रा धेरै बढेर इम्याचुअर सेल र ब्ल्याक सेल देखापर्यो भने रगतको क्यान्सर हुन्छ । रगतको उत्पादन हुने प्रमुख ठाउँ बोनम्यारो हो, बोनम्यारोमा, इम्याचुअर र लिकेमिक सेलको मात्रा अधिक बढ्यो भने रगतमा क्यान्सर देखापर्छ । धेरै जनाले रगतको क्यान्सर भनेपछि एउटै मात्र बुझिरहेको हुन्छन् । यसको धेरै प्रकार हुन्छन् । प्राय हुने रगतको क्यान्सर एक्युटमाइलेज लिक्युमिया र एक्यु इन्फोब्लाष्टिक लिक्युमिया, र कसैलाई क्रोनिक माइलेज इन्फोब्लाष्टिक लिक्युमिया हो ।

***उमेर समूह अनुसार फरकफरक क्यान्सर***

सानो बच्चालाई हुने क्यान्सर एक्यु इन्फोब्लाष्टिक लिक्युमिया हो । ठूलो मानिसमा देखा पर्ने क्यान्सर एक्युटमाइलेज लिक्युमिया, एक्यु माइलेज इन्फोब्लाष्टिक लिक्युमिया हो । बच्चामा देखिने कारण वंशाणुगत नै हुन्छ । यसलाई डाउन सिन्ड्रोम पनि भनिन्छ । क्राइम सेन्टर सिन्ड्रोम जुन जीनको उत्परिवर्तन भएर ब्लड क्यान्सर हुने सम्भावना हुन्छ । ठूलो अथवा बढ्दो उमेर समूहमा विभिन्न केमिकल उद्योगमा काम गर्ने, पेट्रो फयाक्ट्री लिड फयाक्ट्री, रङ रोगन सबन्भी काम गर्ने व्यक्तिमा बढी हुनेगर्छ । अथवा विकिरणमा धेरै काम गर्ने व्यक्तिमा यस्तो समस्या बढी देखिन्छ । ब्लड क्यान्सर जो कोहीलाई पनि हुनसक्छ । हामीले जाँच गरेर कुन क्यान्सर हो पत्ता लगाउनु पर्छ । खास गरी विकिरणमा काम गर्नेमा बढी देखिन्छ । बच्चामा भने थाहा नभई देखापर्छ ।

***देखा पर्ने लक्षण***

ब्लड क्यान्सरको प्रमुख लक्षण भनेको लामो समय सम्म ज्वरो आउनु, शरीरमा धेरै पसिना आउनु, थकान महसुस हुने र शरीरका विभिन्न भागबाट रक्तश्राव हुने (मुख, गिजा, पिसाव, दिशा) हुन्छ । साथै, छालामा रातो, कालो दाग आउने चिलाउने, शरीरको तौल असामान्य तरिकाले घट्ने भयो भने ब्लड क्यान्सर हो भन्ने बुझनुपर्छ । शरीरका विभिन्न भागमा फोका आउछ, यसलाई वैज्ञानिक भाषामा लिम्नोड भनिन्छ । यस्तै पेट फुल्ने, लिभर अथवा पिओको साइज बढ्ने हुन्छ ।

***उपचार कसरी हुन्छ ?***

समान्यतया ब्लड क्यान्सर भएर रक्त रोगको विशेषज्ञकोमा पुग्दैन । नर्मल्ली ज्वरो आएर, शरीरको तौल घटेर फिजिसियन कहाँ जाँदा उहाँहरुले नर्मल रगतको जाचँ सीबीसीले गर्दा ब्लड क्यान्सरको शंका गरेमा बोनम्यारोबाट रस निकालेर परिक्षण गर्नुपर्ने हुन्छ । हिस्टोप्याथोलोजी, साइकोजेनेटिक । जुन वंशाणुगत अथवा जिनको परीक्षणबाट यो रोग पत्ता लाग्छ । सुरुमा सीबीसी गरिन्छ । यो जुन हस्पिटलमा पनि उपलब्ध छ । यसबाट पनि धेरै कुरा पत्ता लगाउन सकिन्छ । यसको रिपोर्ट एक दुई दिनमा नै आउँछ, त्यो रिपोर्ट हेरेपछि सबन्धित डाक्टरले बोनम्यारोको लागि प्लानिङ गर्नुहुन्छ । बोनम्यारोको जाँच र कुनै स्याम्पल जाँच नेपालमै हुन्छ भने कुनै छिमेकी मुलुकमा पठाउनु पर्नेहुन्छ । यसको लागि ५ देखि ७ दिन लाग्छ ।

***स्टेज अनुसार उपचार***

अरु क्यान्सर जस्तै यसको पनि स्टेज अनुसार उपचार हुन्छ । सानो बच्चा एकदेखि दश वर्षकोहरुमा निको हुने सम्भावना ८० देखि ९० प्रतिशत हुनसक्छ । ठूलो व्यक्तिमा लाग्यो भने सुधार हुने सम्भावना कम हुन्छ । निमोनिया, मुटु सबन्धी रोग र अन्य विभिन्न रोग भएमा निको हुने सम्भावना कम हुन्छ । साइटेजेनिक जाँचबाट पनि रिक्स कत्तिको छ थाहा पाइन्छ । यस बाट पनि ठिक हुने सम्भावना कत्तिको छ भन्न सकिन्छ ।

***शरीरको ब्लड निकालेर राख्ने विधि***

यसलाई हामी बोनम्यारो ट्रान्सपलान्टेसन भन्छौ । बोनम्यारो ट्रान्सपलान्टेसन दुई किसिमको हुन्छ, एउटा अटो लोगस, जसमा आफनो शरीरको ब्लड निकालेर केमो थेरापी दिएर फेरि आफैले राख्ने हो । अर्को एलोजेनिक यसमा एउटा स्वस्थ्य व्यक्तिबाट वा परिवारका सदस्यबाट बोनम्यारो निकालेर रोगी व्यक्तिमा राख्ने गरिन्छ ।

- बाँकी ३ पेजमा...

# प्रदेश सरकार खारेजीको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले प्रदेश सरकार खारेजीको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

प्रदेश सरकारले बजेट ल्याउने दिन असार १ गते बुधबार देशैभरिको प्रमुख जिल्ला अधिकार मार्फत राप्रपाले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । स्थानीय सरकार र केन्द्रीय सरकारलाई कायम गरी प्रदेश सरकार हटाउनुपर्ने माग गर्दै राप्रपाले जिल्ला प्रशासन कार्यालयमार्फत बुझाएको ज्ञापनपत्रमा किसानलाई सहजरुपमा रसायनिक मल उपलब्ध गराउन पनि माग गरिएको छ ।

राप्रपा मकवानपुर जिल्ला समितिले बुधबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्रमा राप्रपाले महँगी नियन्त्रण गर्न, नागरिकको मौलिक अधिकारको रुपमा रहेको शिक्षा र स्वास्थ्य नि:शुल्क गराउन माग गरेको छ ।

यस्तै पेट्रोलियम पदार्थको मूल्यवृद्धि खारेज गर्न, संविधानमा रहेको धर्मनिरपेक्षता खारेज गरी नेपाललाई पूर्ण धार्मिक स्वतन्त्रतासहितको हिन्दुराष्ट्र घोषणा गर्न, राज संस्थासहित सबै राजनीतिक शक्तिहरु अटाउने नेपाली संस्करणको मौलिक प्रजातन्त्र कायम गरी जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्न माग गरेको छ । राप्रपाको पार्टी कार्यालयमा भेला भएका नेता, कार्यकर्ताको समूह नाराबाजीसहित जिल्ला प्रशासन कार्यालय पुगेको थियो ।

राप्रपाका पूर्व केन्द्रीय सदस्यहरु दीपक बहादुर सिंह, रामहरी न्यौपाने, बागमती प्रदेशका सचिव गुञ्जन बहादुर न्यौपाने, मकवानपुर जिल्ला उपाध्यक्ष ज्ञानेन्द्र राज ढुङ्गेल नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएका हुन् ।

# बकैया-५ अहिंसावादी गुम्बाको शिलन्यास



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ पूर्वी मकवानपुरको बकैया गाउँपालिका-५ तीनतलेमा बौद्ध शिक्षा विद्यालयसहितको सेडुप छ्योइलिङ अहिंसावादी गुम्बाको शिलन्यास गरिएको छ ।

गुम्बाको बुधबार नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवं कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँले शिलन्यास गरेका हुन् । बकैया गाउँपालिकाले कुल ७ करोड लागत लाग्ने गरी तयार पारिएको डिपिआर अनुसार निर्माण हुन लागेको जनाइएको छ । गुम्बाको शिलन्यास गर्दै नेता बानियाँले धर्म आस्थाको प्रतिक भएकोले जुनसुकै जात र समूदायको व्यक्तिले सत्य, न्याय, अहिंसा र मानवताका लागि गुम्बा निर्माणको पक्षका लाग्न जायज भएको बताए । उनले नेपाल वहुभाषा, धर्म र समूदायको साझा बसोवास स्थल भएकोले सबैको रक्षार्थ काम गर्न आफू तयार रहेकोले यो गुम्बा आफैँले निर्माण सम्पन्न गर्ने समेत प्रतिवद्धता व्यक्त गरे ।

गुम्बाकी अध्यक्ष चन्द्रमाया बलको सभाध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा नेपाल अहिंसावादी वौद्ध धर्म विश्वशान्ति चक्र संघको केन्द्रीय महासचिव प्रेम दोर्जे बल लामा, बकैया गाउँपालिकाका निवर्तमान अध्यक्ष दामोदर खनाल, वर्तमान उपाध्यक्ष भक्तबहादुर खत्री, बकैया ५ की अध्यक्ष लक्ष्मी जिम्बा र निवर्तमान वडा अध्यक्ष शेरमान घलानले मन्तव्य व्यक्त गरेका थिए ।

# मनहरीमा विपद् व्यवस्थापन समितिको सबै संरचनालाई सक्रिय बनाइने

साझाकुरा संवाददाता



हेटौंडा, १ असार/ मकवानपुरको मनहरी गाउँपालिकाको विपद् व्यवस्थापन समितिको वडा तहको संरचनालाई सक्रिय बनाइने भएको छ ।

गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठकले ९ वटै वडामा वडाध्यक्षको नेतृत्वमा सरोकारवाला निकायहरु सदस्य रहने समितिलाई पुनर्गठन गरी सक्रिय बनाउने निर्णय गरेको हो ।

गाउँपालिका अध्यक्ष एवम् विपद् व्यवस्थापन समितिका अध्यक्ष रन्जन कालाखेतीको अध्यक्षतामा बसेको बैठकले विपद्का बेला आश्रय लिन मिल्ने सुरक्षित स्थानहरुको पहिचान गरी गाउँपालिकास्तरिय समितिमा पठाउन पनि सबै वडास्तरीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गरेको छ । त्यसैगरी वडास्तरमा आवश्यक पर्ने बिपद् न्यूनिकरणका लागि सुरक्षा सामग्री र उपकरणहरुको माग गर्न समेत वडास्तरीय समितिलाई आग्रह गर्ने निर्णय गरेको छ ।

बैठकले मनहरी गाउँपालिका ९ स्थित जंगलेश्वर महादेव मन्दिर छेउबाट राप्ती नदिले कटान गरी मनहरी ९ को ज्यामिरे र ८ को सिमपानीका बस्तीहरुमा नदीको पस्न सक्ने जोखिमलाई मध्यनजर गर्दै उक्त क्षेत्रमा थुप्रिएको ग्रेवल निकालेर स्टोर गर्नका लागि जिल्लास्तरीय बिपद् व्यवस्थापन समितिलाई आग्रह गर्ने निर्णय समेत गरेको छ ।

त्यसैगरी मनहरीको स्वास्थ्य सेवाको सुधारका बारेमा समेत छलफल भएको थियो । बिपद्का बेला महामारी आउन सक्ने भएकाले त्यसबेला स्वास्थ्य संस्थाको सुदृढ अबस्था निर्माणका लागि छलफल भएको थियो ।

# बिटक्वाइनको मूल्यमा कीर्तिमानी गिरावट

काठमाडौं, १ असार/ डिजिटल मुद्राको रुपमा रहेको क्रिप्टोकरेन्सीको बजारमा एकपटक पुन: भुइँचालो आएको छ । सोमबार बिटक्वाइनको मूल्यमा गिरावट आएर २५ हजार ६ सय डलरमा झरेको छ । यो पछिल्लो १८ महिनाकै सबैभन्दा कम मूल्य हो । संसारको सबैभन्दा ठूलो क्रिप्टोकरेन्सी विभिन्न कारणले गर्दा लगातार कमजोर बनिरहेको छ ।

गत वर्ष नोभेम्बरमा क्रिप्टोकरेन्सीको मूल्य सबैभन्दा उच्च अर्थात् ६८ हजार डलर भन्दा माथि पुगेको थियो । त्यसयता क्रिप्टोकरेन्सीको मूल्य ८० प्रतिशतले घटेको छ ।

विश्लेषकहरुका अनुसार बिटक्वाइनको मूल्य यही दरमा घटेमा यो वर्षको अन्त्य सम्ममा १४ हजार डलरमा झर्न सक्नेछ ।

क्रिप्टो एनालिटिक्स कम्पनी क्रिप्टो क्वान्टका विश्लेषकका अनुसार आगामी ६ सय ७० दिनभित्रमा बिटक्वाइनको मूल्य २१ हजारदेखि १४ हजार डलरसम्ममा झर्ने सम्भावना छ । तर सन् २०२३ मा बिटक्वाइनको मूल्य पुन: बढेर ४० हजारसम्म पुग्ने विश्लेषकको अनुमान छ ।

विश्वको दोस्रो ठूलो क्रिप्टोकरेन्सी इथरको मूल्यमा पनि गिरावट आइरहेको छ । इथेरियमको मूल्य १३ सय ५५ डलरमा झरेको छ । -साभार: अनलाइनखबर

# हेटौंडामा एमसीसी र एसपीपीविरुद्ध राँके जुलुस



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुरमा अमेरिकी इन्डो-प्यासिफिक रणनीति (आइपीएस) र स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) तथा एमसीसीको विरुद्ध आन्दोलन भएको छ ।

हेटौंडामा नेपाल र अमेरिकाबीचको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता र स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) कार्यक्रमविरुद्ध राँके जुलुससहित विरोध प्रर्दशन गरिएको हो ।

सरकारले राष्ट्रघाती स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) गर्न लागेको भन्दै तत्काल रोक्न राँके जुलुस निकालिएको हो । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) पार्टी मकवानपुरले हेटौंडा उपमहानगर पालिकाको बुद्धचोकसहित जिल्लास्थित अन्य स्थानीय तहमा पनि राँके जुलुस गर्दै विरोध गरेको हो । विरोध प्रदर्शन बागमतीको भुरभुरे, मनहरीको सुनाचुरी, थाहाको ओखरबजार, बकैयाको साततले र भीमफेदीको सुपिङमा एमसीसी र एसपीपी विरुद्ध राँधे जुलुस भएको हो ।

नेकपा बहुमत मकवानपुरका जिल्ला सदस्य प्रल्हाद गौतमले जुलुसको कोणसभामा बोल्दै एमसीसी र एसपीपी दुबै सम्झौता खारेज गर्नुपर्ने बताए । उनले खारेज जगरे राष्ट्रिय स्वाधिनताको लागि नेपाली जनता पुन: एक पटक जनमुक्ती सेना बनेर संघर्षमा उत्रिने उनको भनाई छ ।

# रानी सामुदायिक वनमा अवलोकन भ्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुरमा रहेका २ वटा सामुदायिक वन समूहहरुले हेटौडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको अवलोकन भ्रमण गरेका छन् ।

सामुदायिक वनले गरेका विभिन्न गतिविधीहरुको अवलोकन गर्न उनीहरुले रानी सामुदायिक वन उपभोक्ता समूहको अवलोकन भ्रमण गरेका हुन् ।

मकवानपुरको मनहरी गाउँपालिका-३ हाडीखोलामा रहेको चेतना र सिटु मध्यवर्ती सामुदायिक वन समूहका पदाधिकारी र उपभोक्ताहरुले रानी सामुदायिक वनको अवलोकन गरेका छन् । वनको अवलोकनको क्रममा रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल, कोषाध्यक्ष गोमा लामिछाने, सदस्य अनिता बुढाथोकी र कार्यालय सचिव भीमसेन पौडेलले वनको ऐतिहासिक पृष्ठभूमि, संस्थागत विकास, वन व्यवस्थापन, सालक संरक्षण, महिला सहभागिता, आयआर्जन, सामाजिक कार्यहरु, वनडढेलो नियन्त्रण, प्रचारप्रसार, कार्यालय व्यवस्थापन, शैक्षिक क्रियाकलाप लगायतका विषयहरुमा जानकारी गराएका थिए ।

हिमालय नेचरका परियोजना अधिकृत प्रदिप सेढाईको नेतृत्वमा आएको भ्रमण टोलीमा ६५ जनाको सहभागिता रहेको थियो । ५ सय ५७ वटा समूहले अवलोकन गरिसेको रानी सामुदायिक वन उपभोक्ता समूहमा आजको अवलोकन भ्रमणको आयोजना हिमालय नेचरले गरेको थियो ।

# स्वास्थ्य मन्त्री लामाको विज्ञ सल्लाहकारमा कर्माचार्य नियुक्त

साझाकुरा संवाददाता



हेटौंडा, १ असार/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाको विज्ञ सल्लाहकारमा डा. विराजमान कर्मचार्य नियुक्त भएका छन् ।

उनी मन्त्री लामाको अवैतनिक विज्ञ सल्लाहकारको रुपमा नियुक्त भएका हुन् । मन्त्री लामाले कर्मचार्यलाई 'जनस्वास्थ्य सल्लाहकार' पदमा कर्माचार्यलाई नियुक्त गरेको जनाइएको छ ।

अवैतनिक सल्लाहकार तथा विज्ञ नियुक्ति सम्बन्धी कार्यविधि २०७८ को दफा ३ (५) अनुसार मूख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयको अनुमतिमा कर्माचार्यलाई विज्ञ सल्लाहकार नियुक्त गरेको मन्त्री लामाको सचिवालयले जनाएको छ । ८ कर्माचार्य धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालय स्कूल अफ मेडिकल साईन्सेसमा एसोसियट प्रोफेसर र जनस्वास्थ्य विभागका निर्देशक हुन् ।

काठमाडौं विश्व-विद्यालयबाट एबिबिएस गरेका उनले थाइल्याण्डको महिडोल विश्व विद्यालयबाट ट्रफिकल मेडिसिनमा एमएससी, वासिङ्टन विश्व-विद्यालयबाट ग्लोबल हेल्थमा स्नातकोत्तर र एपिडिमियोलोजीमा विद्यावारिधि गरेका छन् । उनी स्वास्थ्य क्षेत्रका विभिन्न गतिविधिमा सक्रिय छन् ।

पत्रिका नआएमा हामीलाई सम्पर्क गर्नुहोला ।
*साझा कुरा राष्ट्रिय दैनिक*

# मतदाता नामावली संकलन र अद्यावधिक सुरु




काठमाडौं, १ असार/ निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई लक्षित गरेर आजदेखि मतदाता नामावली संकलन र अद्यावधिक कार्य सुरु गरेको छ ।

ती तहको निर्वाचनको मिति निकट भविष्यमा घोषणा हुने सम्भावना रहेकाले सो घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम संकलन गर्न योग्यता पुगेका सबै नागरिकलाई आफ्नो नाम दर्ता गराउन आयोगले कार्यारम्भ गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । आयोगले सबै निर्वाचन कार्यालय र सबै जिल्ला प्रशासन कार्यालय एवं ७३ वटा इलाका प्रशासन कार्यालयबाट मतदाता नामावली संकलन गर्ने, पेशा, व्यवसाय वा अन्य कुनै कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको नागरिकले निजको स्थायी ठेगानामा रहने गरी हाल अस्थायी बसोबास गरिरहेको जिल्लाकै निर्वाचन कार्यालय गई मतदाता नामावली दर्ता गर्न सक्ने र मतदाता नामावलीमा रहेको आफ्नो नाम, ठेगाना, जन्म मितिलगायत विवरण सच्याउनलाई प्रमाणसहित निवेदन दिएमा नाम दर्ता अधिकारी (निर्वाचन अधिकारी) ले आवश्यक निर्णय गरी त्रुटि सच्याउने तय गरेको छ । आयोगले कुनै मतदाताले झुठो विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भनी त्यस्तो नाम मतदाता नामावलीबाट हटाउनका लागि कुनै पनि व्यक्तिले प्रमाणसहित उजुरी दिएमा नाम दर्ता अधिकारीले छानविन गरी त्यस्तो नाम हटाउने सम्बन्धमा निर्णय गर्ने, कुनै मतदाताले विवाह वा बसाइँ सरेको कारण मतदाता नामावलीमा रहेको आफ्नो ठेगाना परिवर्तन गर्न चाहेमा साविकमा नाम दर्ता भएको जिल्ला वा नाम सार्न चाहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिन सक्ने र निवेदन दर्ता भएको कार्यालयले प्राप्त निवेदन उपर आवश्यक निर्णय गरी अर्को जिल्लासँग सम्बन्धित भए सम्बन्धित जिल्लामा आवश्यक प्रमाणसमेत स्क्यान गरी पठाउने प्रबन्ध गरेको छ । -सभार: रातोपाटी

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**जैविक मलका फाइदाहरू**

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**हेटौंडा अस्पताल**
बागमती प्रदेश, हेटौंडा

अस्पतालमा स्वास्थ्य सेवा महानुभावहरुलाई स्वागत छ

**हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा**

**सेवाहरु**
हाडजोर्नी विषेशज्ञ सेवा
बालरोग सेवा
प्रसुति सेवा
दन्त सेवा
फिजिसियन सेवा
नाक, कान, घाँटी सेवा
शल्यक्रीया सेवा
मनोरोग सेवा
फिजियोथोरापी सेवा
न्यूरो सेवा
विशेष सेवा
ICU, HDU
Dialysis
General Lab (PCR Lab)
Endoscopy
USG
CT SCAN
NICU
ECG
ART सेवा
टिकट खुल्ने समय : बिहान ७ बजेदेखि ११ बजेसम्म
**बिरामी पुर्जा काट्ने समय** : बिहान ७ बजेदेखि ११ बजेसम्म

Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Emergency सेवा

**ओ.पि.डी खुल्ने समय**
बिहान १० बजेदेखि ३ बजेसम्म
बिहान १० बजेदेखि १ बजेसम्म
खाजा/खाना खाने समय १ बजेदेखि २ बजेसम्म

OT DAY (**अप्रेसन हुने बार**)
**हाडजोर्नी**:
आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
**शल्यक्रिया**:
सोमबार र बिहीबार (OPD बन्द हुने छ ।)
**प्रसुति**:
मंगलबार र शुक्रबार (OPD खुला हुने छ ।)
**नाक, कान, घाँटी**:
आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

**Administrative Department**
खुल्ने समय आइतबार देखि बिहीबार बिहान १० बजेदेखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म

**हेटौंडा अस्पताल**
फोन नं. ००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : https//:www.hetaudahospital.gov.np

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना